# के.आई.सिंह गाउँपालिका

## K I Singh Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

वायल,डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpaschim Province, Nepal

पत्र संख्या:२०८२/०८३
चलानी नम्बर:

**आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !**

**सूचना प्रकाशित मिति २०८३/०३/३०**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका प्रत्येक व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने कानूनी व्यवस्था रहेको तथा कार्यालयमा दर्ता हुन आएका सम्पत्ति विवरणहरुलाई राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा अनलाईन प्रविष्टि गरी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोले यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, स्थानीय सेवाका स्थायी कर्मचारिहरु (आर्थिक वर्ष २०८२/०८३ मा सेवा निवृत भएका कर्मचारीहरुले समेत), अस्थायी/करार/दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी तथा कार्यरत सम्पूर्ण अस्थायी/करार/राहत/अनुदान/निजी स्रोतका शिक्षकहरुले आ.व. २०८२/०८३ को सम्पत्ति विवरण रितपूर्वक भरी, खामबन्दी (खामको साइज ४*९ हुनुपर्ने अन्यथा मान्य नहुने) गरी, खाम बाहिर तपसिल बमोजिमको विवरण अनिवार्य उल्लेख गरी मिति २०८३ साउन १ गतेदेखि भाद्र २९ गतेसम्म यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकीएको समयसिमा भित्र सम्पत्ति विवरण पेश नगरेमा कानून बमोजिम भईजाने व्यहोरा समेत यसै सूचनाद्धारा अवगत गराइन्छ ।

हिमाल कुँवर
प्रमुख प्रशासकीय अधिकृत

**सम्पत्ति विवरणको खामको बाहिर लेख्नु पर्ने विवरणको ढाँचा**

| कर्मचारीको हकमा: | जनप्रतिनिधीको हकमा: | शिक्षकको हकमा: |
|---|---|---|
| **आ.व. २०८२/०८३ को सम्पत्ति विवरण** | **आ.व. २०८२/०८३ को सम्पत्ति विवरण** | **आ.व. २०८२/०८३ को सम्पत्ति विवरण** |
| क) कर्मचारीको संकेत नम्बर: | क) पदाधिकारीको नाम थर: | क) शिक्षकको नाम थर: |
| ख) नाम थर: | ख) पद/दर्जा: | ख) पद/दर्जा: |
| ग) पद/दर्जा: | ग) जिल्ला: | ग) श्रेणी: |
| घ) सेवा/समुह: | घ) स्थानीय तह: | घ) तह: |
| ङ) श्रेणी/तह: | ङ) वडा नं.: | ङ) कार्यरत विद्यालय: |
| च) कार्यरत कार्यालय: | ङ) मोबाइल नं.: | ङ) मोबाइल नं.: |
| छ) मोबाइल नं.: | च) ई-मेल ठेगाना: | च) ई-मेल ठेगाना: |
| ज) ई-मेल ठेगाना: | | |